**भूमे गाउँपालिका**
**गाउँसभा बैठकमा**

**गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठद्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

भूमे गाउँपालिका
खाबाङबगर, रुकुम (पूर्वी भाग)

७ आषाढ २०८०

*भूमे गाउँपालिका रुकुम (पूर्व)को आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम*

**गाउँपालिका उपाध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि गठित भूमे गाउँपालिकाको निर्वाचित स्थानीय सरकार प्रमुखको हैसियतले यस गरिमामय गाउँसभामा दोस्रो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित र गौरवान्वित महसुस गरेको छु। यस अवसरमा म नेपालमा लोकतन्त्र, नागरिक सर्वोच्चता र सुशासन कायम गर्न इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, न्यायपूर्ण आन्दोलन, सशस्त्र संघर्ष र युगान्तकारी जनयुद्धको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान शहीदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. जनयुद्धकालीन वीर शहीदहरु राष्ट्रिय शहीद घोषणा भइसकेको कुरा स्मरण गर्दै ती अमर शहीदहरुप्रति श्रद्धासुमण अर्पण गर्दछु। साथै शहीद, घाइते अपाङ्ग तथा बेपत्ता योद्धाहरुको त्याग, तपस्या, बलिदानी र योगदानको उच्च सम्मान प्रकट गर्दछु। इतिहास निर्माता आदरणीय जनसमुदाय, समाजका अग्रज, राजनैतिक नेतृत्व र सचेत नागरिकहरुको योगदानको पनि उच्च सम्मान प्रकट गर्दछु ।

३. यो नीति तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाका पूर्वजनप्रतिनिधिहरु, गाउँसभामा प्रतिनिधित्व रहेका र नरहेका गाउँपालिकामा सक्रिय राजनीतिक दलहरु नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा नेपाल र नेशनल मङ्गोल अर्गनाइजेशनका पदाधिकारी तथा प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, सहकारी, संघसंस्था, लक्षित वर्ग समूहका समूह सञ्जाल तथा राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त सकारात्मक सल्लाह सुझावका लागि सम्बन्धित सबैमा गाउँपालिका परिवार हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ।

४. यसै आर्थिक वर्षमा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न भएको छ। निर्वाचनबाट प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य पाएका छौं। उहाँहरुलाई सफल कार्यकालको शुभकामना सहित समग्र जिल्लाको विकासमा उहाँहरुको विशेष भूमिका रहने अपेक्षा पनि गर्दछु।

*भूमे गाउँपालिका रुकुम (पूर्व)को आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम*

**गाउँसभा सदस्यज्यूहरु,**

५. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिइएको छ। विगतका सरकारले लिएका दुरगामी सोंच तथा कार्यक्रमलाई सफल बनाउने जिम्मेवारीका साथै जिल्लाको साझा सरोकार, अन्तरपालिका समन्वय र सहकार्य तथा आपसी एकतालाई मजबुत बनाउने साझा सरोकारका आयोजनामा अन्तरपालिका साझेदारीमार्फत न्यून लागतमा अधिकतम् उपलब्धि हासिल हुने आयोजना सञ्चालनमा पनि जोड दिइएको छ ।

६. विकासका लागि नागरिक भन्ने नाराका साथ विकासका गतिविधिमा समन्यायिक वितरण र सबै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइएको छ। प्रतिव्यक्ति आयमा वृद्धि, शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासको पक्षमा जोड दिइएको छ।

७. तहगत अन्तरसम्बन्ध, निकायगत समन्वय र क्षेत्रगत साझेदारीमार्फत सन्तुलित, समन्यायिक र समावेशी विकासलाई जोड दिइएको छ। स्थानीय उत्पादन वृद्धि, बजारीकरणको क्रमिक विकासले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याएको छ।

८. सक्रिय श्रमशक्ति ग्रामीण क्षेत्रबाट स्थानान्तरण हुँदा विकास लगायत कृषि, पशुपालन उद्योग, पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसके पनि केही व्यावसायिकता र पर्यटन क्षेत्रमा नयाँ आयाम र सम्भावना थपिएका छन् ।

९. नागरिकको नजिकको सरकारको रुपमा स्थापित यस गाउँपालिका अन्तरगत रहेका ९ वटा वडा कार्यालय, विषयगत शाखा, इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था मिलाइएको छ। नियमित कार्यसम्पादन तथा सेवा प्रवाहका लागि दरबन्दी बमोजिम पदपूर्ति नभए पनि उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउन जोड दिइएको छ।

१०. पूर्ण सरसफाईउन्मुख गाउँपालिका अभियान, वातावरणमैत्री गाउँपालिका अभियान, हरेक टोल पृथक उत्पादन, विशेषता र पहिचान अभियान, घरभित्रको धुँवा रहित गाउँपालिका अभियान, पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका अभियान, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान, पूर्ण खोपयुक्त गाउँपालिका, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पूँजी निर्माण, अर्गानिक उत्पादनः भूमेको पहिचानजस्ता अभियानमुखी कार्यक्रमबाट गाउँपालिकालाई नमूना र समृद्ध बनाउनेतर्फ अग्रसर छौं ।

११. मध्यपहाडी लोकमार्गले गाउँपालिकाको पूर्व-पश्चिम र शहीद मार्गले उत्तर दक्षिण भागमा सडक पहुँच सहज हुनु, सक्रिय जनसंख्याको हिस्सा ठूलो हुनु, अर्गानिक जिल्ला घोषणा हुनु, तामा,

फलाम, सिसा, मार्बल, स्लेट लगायतका खनिज र वन जस्ता प्राकृतिक स्रोतको उपयोगको प्रचुर सम्भावना हुनु, भाषा संस्कृति र परम्परागत मौलिकता, सूचना तथा सञ्चार प्रविधिको व्यापकता, अधिकारसम्पन्न स्थानीय सरकारलाई बजेट तथा योजनाको अधिकार हुनु, डायस्पोरामा रहेका भूमेलीहरुको एकता, उत्सुकता र योगदान तथा साथ रहनु, पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना हुनु, तहगत सरकार र विकास साझेदारहरुको चासो र प्राथमिकता हुनु गाउँपालिकाको समग्र विकासका लागि ठूलो अवसर छ ।

१२. विकास र सेवामा नागरिकका तीव्र अपेक्षा पूरा गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, पुराना जनप्रतिनिधि र नयाँ निर्वाचित जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजना बीच तालमेल मिलाउनु, आयोजनाको छनौट, प्राथमिकीकरण, विनियोजन कुशलता र कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु पनि हाम्रा सामू छन् ।

१३. आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीयस्तरमा रोजगारी सिर्जनामार्फत युवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तीय संस्थाको वृद्धि तथा वित्तीय साक्षरतामार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतिहरु रहेका छन् ।

**उपस्थित सभाका सदस्यज्यूहरु एवं आम गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

*अब म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाले तय गरेको दीर्घकालीन सोँच, नीति, योजना र लक्ष्यका साथै गाउँपालिकाको वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।*

**कृषि प्रविधि र प्रणालीमा सुधारः समृद्धिको आधार**

१४. खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा जोड दिइनेछ ।

१५. कृषक सूचीकरण कार्यक्रमलाई सेवा प्रवाहसँग आवद्ध गराई पहिचान र वर्गीकरणपश्चात अनुदान सम्बन्धी मापदण्ड तयार गरी पूर्ण अनुदान, आंशिक अनुदान र सहुलित दिने तथा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कृषि कर्जा तथा योगदानमा आधारित **वर्गीकृत किसान पेन्सन कार्यक्रम** कार्यान्वयनमा जोड दिइनेछ।

१६. पोषण तथा खाद्य सुरक्षा सुनिश्चतताका लागि हरेक वडामा **रैथाने बाली प्रवर्द्धन,** एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७. भूमि बैंकको अवधारणालाई स्थानीय अनुकूलतामा कार्यान्वयन गर्न कृषि र वन विकास कार्यक्रममार्फत बाँझो र पाखो जग्गालाई अधिकतम उपयोग गर्ने गरी व्यावसायिक खेती तथा वृक्षारोपन कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

१८. कृषक समूह तथा सहकारीमार्फत जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा वितरण गर्नुका साथै प्लाष्टिकजन्य तथा रासायनिक पदार्थ आयात र प्रयोगमा रोक लगाई अर्ग्यानिक उत्पादनः भूमेको पहिचान भन्ने मूल नारा कार्यान्वयनमा जोड दिइनेछ ।

१९. उत्पादनका आधारमा प्रोत्साहन नीतिलाई जोड दिँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न **कोदो, फापर, सिमी, भटमास, माटे, चिनो, कागुनो, कालो धान** जस्ता स्थानीय महत्वका लोपोन्मुख रैथाने बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा सहकारी तथा कृषि उपज संकलन केन्द्रमार्फत खरिद गरी बजार मूल्यको ५०% थप प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२०. लोपोन्मुख रैथाने बाली तथा बीउ संरक्षणका लागि कालो धान, चिनो, कागुनो, उवा, जुनेलो लगायतका उत्पादन प्रवर्द्धनका लागि अनुदानमा बीउ वितरण तथा रैथाने बालीहरुको **बीउ बैंक स्थापना** तथा प्रवर्द्धन गरिनेछ।

२१. माटो मल परीक्षण प्रयोगशाला स्थापना गरी माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गरिनेछ।

२२. कृषि उत्पादनलाई व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्र, खाद्य भण्डार तथा चिस्यान केन्द्र निर्माणमा प्राथमिकता दिइनेछ । आफूले खाई बिक्री गर्ने अवस्थामा त्यस्ता कृषकहरुको कृषि

उपज सम्बन्धित वडा वा सहकारी संस्थामार्फत खरिद तथा बजारीकरण गरिदिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२३. स्थानीय उत्पादनको बजारीकरण तथा उपभोगको संस्कृति विकास गर्न **खाद्य आनीबानी परिवर्तन र पोषणयुक्त खाद्यवस्तु उपभोग सम्बन्धी सचेतनामूलक कार्यक्रम** सञ्चालन गरिनेछ। साथै हाल सञ्चालनमा रहेको सहकारी बजार सञ्चालन तथा व्यवस्थापनलाई सहकारीसँगको समन्वयमा थप प्रभावकारी बनाइनेछ।

२४. वडास्तरसम्म कृषक सञ्जाल गठन गरी नवीन प्रविधि तथा अनुभव आदान प्रदानका लागि **कृषक चौतारी कार्यक्रम** सञ्चालन गरिनेछ। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार हरित स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

२५. जलवायु परिवर्तन अनुकूलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ कार्यक्रम**मार्फत कृषि पर्यटन प्रवर्द्धन गरिनेछ ।

२६. सफा र हरियालीः समृद्ध भूमे नारालाई सार्थक तुल्याउन **प्लाष्टिकजन्य झोला, माला र खादाको प्रयोगमा निरुत्साहन गर्ने** लुम्बिनी प्रदेशको नीतिलाई आत्मसाथ गर्दै **घरायसी झोला उत्पादन र पुष्प खेतीमा अनुदान** तथा बजारीकरणका लागि सहजीकरण गरिनेछ।

२७. कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ। कृषक क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिइनेछ ।

२८. कृषि पेसालाई सम्मानजनक पेसाका रुपमा विकास गर्न तथा व्यावसायिक कृषि पेसामा आकर्षण गर्न वडास्तरमा र गाउँपालिकास्तरमा **उकृष्ट कृषक र उत्कृष्ट विरुवा** छनौट गरी कृषक दिवसको अवसरमा वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

२९. पहिचान गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट जस्ता कृषि पकेटलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य निकायसँगको साझेदारीमा स्याउ ओखर पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०. वैदेशिक रोजगारबाट फर्केका र कृषि गर्न चाहने व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा **कृषि उद्यम कर्जा** उपलब्ध गराइनेछ।

३१. मारिङ कृषि अनुसन्धान केन्द्रमा थप पूर्वाधार निर्माणसहित फलफूल स्रोत केन्द्र, कृषि उद्योग र कृषि पर्यटन, नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा जडिबुटी उत्पादन सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

**स्वस्थ पशुपंक्षीः व्यावसायिक कृषि**

३२. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा **घाँस स्रोत केन्द्र**, गाउँ गाउँमा **हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी** स्थापनाका साथै पोषणयुक्त पशु आहार निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ।

३३. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिँदै पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै कृत्रिम प्रजनन केन्द्र स्थापना तथा ल्याब सञ्चालनमा ल्याइनेछ। पशु स्वास्थ्य नियमन, प्रजनन तथा प्रसार सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

३४. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार र निकायहरुसँगको सहकार्यमा अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, लोकल कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्म हरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**लघुउद्यमको विस्तारः घर घरमा स्वरोजगार**

३५. नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा औद्योगिक ग्राम स्थापना गरिनेछ। गाउँपालिका क्षेत्रभित्रका जडीबुटीमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ।

३६. बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत तथा प्रशासनिक प्रबन्ध गरी स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धनमार्फत रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ। समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई सामूहिक उद्योगमा परिणत गरी व्यावसायिक र आधुनिकीकरणतर्फ जोड दिइनेछ ।

३७. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ। साझा सुविधा केन्द्र (उद्यम घर)लाई प्रभावकारी रुपमा उपयोग गरिनेछ।

३८. उद्यमशीलतालाई प्रवर्द्धन गर्न **शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिँदै घरेलु उद्योगमा आधारित लघु उद्यम प्रवर्द्धन गर्न सबै निकाय तथा संघसंस्थासँग साझेदारी गर्ने नीति लिइनेछ ।

३९. लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चाल गर्न चाहने उद्यमीहरुका लागि मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**श्रमको सम्मानः रोजगार प्रवर्द्धन**

४०. रोजगार रणनीति तर्जुमा गरी रोजगार संवाद मञ्चमार्फत श्रमको सम्मानः राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ। रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै बजारको मागका आधारमा श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गर्नुका साथै श्रम स्वीकृति र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ।

४१. प्राविधिक शिक्षालयहरुसँगको सहकार्यमा व्यावसायिक सीपमा आधारित तालिममार्फत दक्ष जनशक्ति उत्पादन, उपयोग र स्वरोजगार प्रवर्द्धन गर्नुका साथै गाउँपालिकामा **रोजगार प्रवर्द्धन कोष** स्थापना गरी सहुलियतमा रोजगार कर्जा र सीप विकासमा जोड दिइनेछ ।

४२. प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा दिगो र प्रभावकारी हुने खालका आयोजना मात्र सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ।

४३. वैदेशिक रोजगारबाट प्राप्त सीपलाई उपयोग गरी स्वरोजगार तथा उद्यम प्रवर्द्धनतर्फ जोड दिइनेछ ।

**दिगो पर्यटनका लागि अन्तरसम्बन्धित क्षेत्रको विकास र पहिचान**

४४. दिगो पर्यटन विकासका लागि पर्यटन क्षेत्र गुरुयोजना बमोजिम पर्यटन क्षेत्र पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ ।

४५. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

४६. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि तहगत सरकार तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गरिनेछ।

**एक सहकारीः एक मुख्य चिनारी**

४७. एक सहकारीः एक मुख्य चिनारी अभियानमार्फत गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुले उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कुनै एक क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति अनिवार्यता गरिनेछ। अन्तरसहकारी सम्वाद तथा सहकार्य सम्बन्धी कार्यक्रममार्फत सहकारी आन्दोलन प्रभावकारी बनाइनेछ ।

४८. जिल्ला सहकारी संघ तथा अन्य निकायसँगको समन्वयमा सहकारीको नियमन तथा सहजीकरणलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

४९. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँ गाउँमा **डिजिटल वित्तीय साक्षरता कार्यक्रम** सञ्चालन गरिनेछ ।

५०. विगतमा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोषहरुलाई साना सहकारीमा परिणत गरी पूँजी परिचालन र सदुपयोगको व्यवस्था मिलाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु तथा उपस्थित महानुभावहरु,**

**शिक्षामा रुपान्तरणः दक्ष जनशक्ति उत्पादन**

५१. शैक्षिक रुपान्तरणका लागि **शिक्षक, अभिभावक र जनप्रतिनिधिबीच नियमित अन्तरक्रिया** कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न **कक्षा ४ देखि कक्षा १० सम्म प्रश्नपत्रमा एकरुपता** कायम गर्नुका साथै विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ।

५२. प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि **प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता** गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

५३. स्थानीय **तथ्याङ्क संकलनमा विद्यार्थी परिचालन** गरी व्यावहारिक ज्ञान आर्जन र ज्ञान निर्माणमा जोड दिइनेछ। विद्यार्थीहरुलाई बाल्यकालदेखि नै व्यवसायिक सीप विकासका लागि नवप्रवर्तन र अनुसन्धानमा आधारित शिक्षा, STEM शिक्षा, स्थानीय कला संस्कृति तथा व्यावहारिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमा समेटिनेछ ।

५४. शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनमा जोड दिइनेछ ।

५५. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा जोड दिइनेछ। शिक्षक दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम नागरिकमा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा **स्वयंसेवक शिक्षक निरन्तता हुने गरी स्थानीय शिक्षण सिकाई अनुदान** दिइनेछ ।

५६. शैक्षिक तालिम केन्द्रलाई थप व्यवस्थित गर्दै अन्तर सरकार समन्वय र साझेदार निकायसँगको समन्वय र सहकार्यमा सूचना प्रविधि, नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धी तालिम सञ्चालन गरिनेछ। स्थानीयस्तरमा उपलब्ध सामग्रीहरुको अधिकतम उपयोग गरी शिक्षण सिकाई सामग्री निर्माण तथा क्षमता विकास सम्बन्धी कार्यशाला सञ्चालन गरिनेछ।

५७. आर्थिक अभावका कारणले व्यावसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई प्राविधिक र व्यावसायिक शिक्षा हासिल गर्नका लागि **शैक्षिक कर्जा कार्यक्रम** निरन्तरता दिँदै आधारभूत तहदेखि माध्यामिक तहसम्म गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई **शैक्षिक छात्रवृत्ति**को व्यवस्था गरिनेछ ।

५८. जनयुद्धकालमा स्थापित शहिद वासु स्मृति नमूना जनवादी विद्यालयलाई जीवन्त संग्रहालयको रुपमा विकास गर्दै शहीद सन्तति, अनाथ, अभिभावकविहिन बालबालिकाहरुको संरक्षण तथा उनीहरुलाई आवासीय पठनपाठनको व्यवस्था गरिनेछ।

५९. शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधिमार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, **सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माण**का साथै दिवसीय कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

६०. नतिजा सुधारका लागि गणित, विज्ञान, अङ्ग्रेजी विषयको लागि शिक्षण सिकाई अनुदान दिइनेछ। विद्यालयहरु बीच सिकाई आदानप्रदानका लागि **मितेरी स्कुल कार्यक्रम** सञ्चालन गरिनेछ।

६१. स्थानीय पाठ्यक्रममा वृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षा सहितको पाठ्यसामग्री निर्माण गरी विद्यालयस्तरमा अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ। **किशोरकिशोरीमैत्री नमूना सूचना केन्द्र**को सञ्चालन तथा विस्तारमा जोड दिइनेछ ।

**हाम्रो स्वास्थ्यः हाम्रो भविष्य र हाम्रो जीवन**

६२. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण तथा संस्थागत प्रणालीमा थप सुदृढिकरण गर्दै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन र आवश्यकतानुसार स्वास्थ्य सेवा इकाई विस्तार गरी आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधा पहुँचमा विशेष जोड दिइनेछ।

६३. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढिकरण गरिनेछ। स्वास्थ्य पूर्वाधार, पोषण सुधार, स्वास्थ्य सेवा प्रवर्द्धनमा जोड दिइनेछ ।

६४. द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीहरुको तथ्याङ्क संकलन तथा पुनर्प्राथकिकीकरण गरी निःशुल्क स्वास्थ्य बीमा तथा लक्षित कार्यक्रमको व्यवस्था गर्नुका साथै अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरुलाई निःशुल्क औषधीको व्यवस्था** गरिनेछ ।

६५. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार कल्याण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, महमारी रोग नियन्त्रण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

६६. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

६७. नसर्ने तथा दीर्घ रोगहरुको पहिचान र निदानका लागि सबै वडामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य सेवाको पहुँच कम भएका टोलहरुमा विशेषज्ञ सहितको एकीकृत घुम्ती स्वास्थ्य शिविर र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६८. नसर्ने रोगको रोकथाम तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँगको सहकार्यमा आरोग्य केन्द्र, योग ध्यान शिविर, सामाजिक परामर्श तथा गृहिणी भान्सा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

६९. तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा गाउँपालिकामा कम्तिमा एउटा सहरी **आँखा उपचार केन्द्र स्थापना** गरिनेछ। निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवालाई गुणस्तरीय एवं जनमुखी बनाउन अभिलेखीकरण, प्रभावकारी अनुगमनमा जोड दिइनेछ ।

७०. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन सुत्केरी भान्छा घर निर्माण तथा सञ्चालनमा जोड दिइनेछ । गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शून्य पार्न विगतमा अपनाइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै प्रसूति चेकजाँच र रेफरका लागि निःशुल्क एम्बुलेन्स सेवा र **पोषण तथा सरसफाई झोला** कार्यक्रम सञ्चालन गरिनेछ।

७२. अति विपन्न व्यक्ति उपचार सहायताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा निःशुल्क एम्बुलेन्स सेवा तथा मापदण्ड बमोजिम थप उपचार सहायताको व्यवस्था गरिनेछ ।

७३. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील, पोषण विशेष र पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। नेपाल सरकारको विशेष अनुदानमा नमूना पोषण टोलका लागि सघन पोषण कार्यक्रम, नमूना पोषण टोल समिति गठन, उत्पादन प्रवर्द्धन, पोषण आत्मनिर्भरताका लागि **घरघरमा करेसाबारी निर्माण** अनुदान, **हरेक घर दश फलफूल विरुवा रोपन कार्यक्रम** सञ्चालन गरी पोषणमा उल्लेख्य सुधार ल्याइनेछ ।

७४. किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न सबै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिइनेछ। विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहर व्यवस्थापनको सुनिश्चितता गरिनेछ ।

७५. प्रकोपजन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

**सुरक्षित खानेपानी र पूर्ण सरसफाईयुक्त गाउँपालिका अभियान**

७६. गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (वास योजना) बमोजिम **मुहानदेखि मुखसम्म सुरक्षित खानेपानी**को सुनिश्चतताका लागि खानेपानी शुद्वता परीक्षण इकाईमार्फत हरेक ६/६ महिनामा मुहान, टयाङ्की तथा धाराको पानी शुद्धता जाँच गरिनेछ ।

७७. वास योजनाको प्राथमिकीकरण बमोजिम तहगत सरकार तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा एक घर एक धारा तथा सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाइनेछ। स्वास्थ्य संस्था तथा विद्यालयहरुमा तीन तारे अवधारणामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७८. भकारो सुधार, सुधारिएको चुल्हो, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षभित्रै **पूर्ण सरसफाईउन्मुख गाउँपालिका घोषणा** गरिनेछ।

७९. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर वर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनर्प्रयोग तथा आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

८०. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। घना वस्तीहरुको ढल व्यवस्थापन सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ।

**मौलिक कला संस्कृतिको प्रवर्द्धन अभियानः भूमेको पहिचान**

८१. मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि भूमे सांस्कृतिक महोत्सव तथा प्रतियोगितात्मक कार्यक्रम, अध्ययन अनुसन्धान तथा अभिलेखिकरण कार्यलाई जोड दिइनेछ।

८२. भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा साझेदारीमार्फत विकास गर्ने नीति अवलम्बन गरिनेछ।

८३. लोपोन्मुख भाषा संस्कृतिको संरक्षण र विकास गर्ने, जनसहभागिता, लागत साझेदारी र सामूहिक झारा प्रथाबाट स्थानीय विकास निर्माण कार्यमा उत्कृष्ट थालनी गर्ने गाउँ टोललाई प्रोत्साहन गरी **उत्कृष्ट गाउँ/समुदायलाई पुरस्कृत** गर्ने नीति लिइनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

८४. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

८५. नीति, निर्णय र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरी त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

८६. सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी लक्षित व्यक्तिको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

८७. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा **सामाजिक समावेशीकरण डेस्क**लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

८८. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ तथा राष्ट्रिय रणनीति कार्यान्वयन गर्दै गाउँपालिकालाई बालश्रममुक्त पालिका घोषणा गरिनेछ ।

८९. समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

९०. वडास्तरसम्म ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल गठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु ल्याइनेछ।

९१. गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ।

९२. सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने नीति लिइनेछ।

९३. सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ।

९४. उत्पीडित, उपेक्षित दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिइनेछ। सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन** गरिनेछ ।

९५. सामाजिक सुरक्षा तथा संरक्षणका लागि ४० **देखि ६० वर्षसम्मका एकल महिला तथा ४० देखि ६८ वर्षसम्मका एकल पुरुष लक्षित जीवन उत्थान कार्यक्रम** सञ्चालन गरिनेछ।

९६. लक्षित वर्ग केन्द्रित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमको मापदण्ड र विधि तय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**यूवा तथा खेलकूद**

९७. यूवा विकास केन्द्रको पदाधिकारी चयन सम्पन्न गरी जुनसुकै क्षेत्रले यूवा तथा खेलकूद लक्षित कार्यक्रमहरु यूवा विकास केन्द्रसँगको सहकार्यमा मात्र सञ्चालन गर्ने नीति ल्याइनेछ। यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी यूवा शक्तिलाई अधिकतम परिचालन गरिनेछ।

९८. यूवा तथा खेलकूद विकासका लागि गाउँपालिका स्तरीय **खेलकूद व्यवस्थापन समितिको गठन तथा कोष** स्थापना गरी खेलकूद पूर्वाधार निर्माण, व्यावसायिक खेलकूद तालिम, खेल तथा खेलाडी आदानप्रदान कार्यक्रम ल्याइनेछ।

९९. विकास र नवप्रवर्तनमा हरेक व्यक्तिमा नवीनतम र रचनात्मक धारणा हुने यथार्थतालाई मध्यनजर गर्दै गाउँपालिकाको सर्वाङ्गिण विकासमा जुनसुकै व्यक्ति वा निकायको रचनात्मक सुझाव, उपाय र तरिकालाई ग्रहण तथा संकलन गर्ने उद्देश्यले **खुला आइडिया प्रतिस्पर्धा** कार्यक्रम सञ्चालन गरिनेछ ।

१००. **धनुष वाण, डण्डिवियो, घो जस्ता मौलिक तथा परम्परागत खेल**हरुको अध्ययन, अभिलेखीकरण, संरक्षण तथा प्रवर्द्धनका लागि **परम्परागत खेलकूद प्रतियोगिता** सञ्चालन गरिनेछ।

१०१. फरक फरक महिनामा वडास्तरीय खेलकूद प्रतियोगिता र संयुक्त रुपमा गाउँपालिकास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने गरी **खेलकूद क्यालेण्डर तयार गरी खेल पर्यटन तथा खेल अर्थतन्त्र** प्रवर्द्धनमा जोड दिइनेछ ।

१०२. राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितामा स्थानीय साझेदारी गरी प्रभावकारी सञ्चालन तथा व्यवस्थापनद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा जोड दिइनेछ ।

१०३. विद्यालय खेल शिक्षक, खेलकूद तथा रेफ्री तालिम, जुनियर कप, भूमे कप, गुरिल्ला म्याराथन जस्ता खेलकूद कार्यक्रममार्फत प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**पूर्वाधार विकास**

१०४. भूमे गाउँपालिकाको गुरुयोजना र आवधिक योजनाले निर्ष्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने गरी भौतिक तथा आर्थिक पूर्वाधार निर्माणमा साझेदारी सम्बन्धी नीति ल्याइनेछ।

१०५. गाउँपालिकाको आर्थिक सर्वेक्षण गरी पालिकाबासीको जीवनस्तर उकास्ने र गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने खालका आयोजनाहरु पहिचान गरी क्रमशः कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

**यातायात पूर्वाधारः विकासको आधार**

१०६. सडक यातायात गुरुयोजना बमोजिम सडक पहुँच नपुगेका मुख्य वस्तीहरुमा आगामी आर्थिक वर्षभित्रै ग्रामीण सडक सञ्जालले जोड्ने र निर्मित सडकहरुको स्तरोन्नति तथा **सुरक्षित सडक यातायात** अवधारणा कार्यान्वयन गरिनेछ।

१०७. गाउँपालिकास्तरीय रिङ रोड, लिङ्क रोड र सहायक रोड अवधारणामा सडकहरुबीच अन्तरसञ्जाल निर्माण गरी निर्माण सम्पन्न भएका स्थानमा सडक बायोइन्जिनियरिङ अवधारणामा हरित करिडोर, फ्रुट करिडोर तथा फ्लावर करिडोर योजना बमोजिम सडक वरपर वृक्षारोपन कार्यक्रममा जोड दिइनेछ ।

१०८. बढीमा एक घण्टाभित्रको हिँडाईको दूरीमा एक झोलुङ्गे पुल निर्माण गर्ने गरी झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ सम्पन्न हुन बाँकी झोलुङ्गे तथा ट्रस पुलहरु सम्पन्न गर्ने र नयाँ स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनीकरण र आवतवाजत सहजीकरण गरिनेछ।

१०९. नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा सडक पुल तथा कल्भर्ट निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। **सडक पूर्वाधार एम्बुलेन्स** सञ्चालन गरी वर्षाको समयमा मुख्य सडक अवरुद्ध हुने अवस्थाको निराकरण गरिनेछ ।

११०. नेपाल सरकार, प्रदेश सरकार तथा साझेदार निकायहरुसँगको समन्वयमा सुरक्षित सडक अवधारणामा आधारित भएर सडक स्तरोन्नति, सडक सुरक्षा पूर्वाधार निर्माण, **सडक मर्मत सम्भारकर्ता परिचालन,** सवारी सचेतना, तीन पाङ्ग्रे सवारी मापदण्ड, **आधारभूत आकस्मिक ट्रमा सेवा सञ्चालन** सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**भवन आवास तथा सहरी विकास**

१११. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त **मौलिक नमूना वस्ती संरक्षण तथा निर्माण**मा जोड दिइनेछ ।

११२. घरबारबिहिन, अति विपन्न व्यक्तिहरुलाई विपन्न आवास निर्माण सहयोग कार्यक्रममार्फत घरको छानामूनि ल्याइनेछ। सुरक्षित नागरिक आवास कार्यक्रममार्फत विपद् जोखिमयुक्त छाना

विस्थापन र जनता आवास कार्यक्रममार्फत दलित विपन्न आवास निर्माण कार्यलाई जोड दिइनेछ।

११३. सघन घना वस्तीहरुमा सडक, ढल निकास, सार्वजनिक शौचालय, फोहर व्यवस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण कार्यलाई जोड दिइनेछ।

**ऊर्जा, जलस्रोत तथा सिंचाई**

११४. विद्युतको पहुँच नपुगेका घरधुरीमा ऊर्जामा पहुँच सुनिश्चिताका लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ। राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रममार्फत निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार र व्यवस्थित गर्नुका साथै ऊर्जाको पहुँच नपुगेको घरधुरीमा वैकल्पिक ऊर्जा विस्तार गरिनेछ।

११५. नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिइनेछ।

११६. थबाङखोला जलविद्युत आयोजनाको निर्माण सम्भावना बारे थप अध्ययन गरी सार्वजनिक निजी साझेदारी अवधारणामार्फत कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था गरी आम नागरिकको समेत लगानी र प्रतिफलमाथि अधिकार हुने गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

**सूचना तथा संचार प्रविधिः डिजिटल गाउँपालिका नीति**

११७. तहगत समन्वय, सहकार्य र साझेदारीमार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चताका लागि आवश्यक पहल गरिनेछ।

११८. सामुदायिक सिकाई केन्द्रहरुलाई प्रविधिमा आधारित बनाई सिकाईमा सूचना तथा सञ्चार प्रविधिको उपयोग र अवसर विस्तार गरिनेछ ।

११९. डिजिटल गाउँपालिका निर्माण कार्ययोजना तर्जुमा गरी साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तारका साथै डिजिटल लाइब्रेरी स्थापना, अध्ययन अनुसन्धान, मिडिया साक्षरता र डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**सम्पदा पूर्वाधारः हाम्रो पहिचानको आधार**

१२०. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

१२१. सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**वन तथा वातावरण संरक्षण**

१२२. नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा निजी वन व्यवस्थापन, कबुलियती वन प्रवर्द्धन, वनजङ्गल संरक्षण, बाँझो जग्गामा वृक्षारोपण जस्ता कार्यक्रममा जोड दिइनेछ । वातावरण दिवसको अवसरमा सबैभन्दा बढी वृक्षारोपण गर्ने र सबैभन्दा बढी विरुवा संरक्षण गर्ने व्यक्तिलाई **हरियाली दूत**को रुपमा पुरस्कृत गरिनेछ ।

१२३. अन्तरनिकाय समन्वयमा पुष्पलाल मध्यपहाडी लोकमार्ग लगायत राष्ट्रिय राजमार्ग र स्थानीय सडकहरुमा हरित करिडोर तथा फ्रुट करिडोरको रुपमा विकास गर्न वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२४. वृक्षारोपण रोजगार प्रवर्द्धन, विरुवा सुरक्षा तथा संरक्षण कार्यक्रम, टिम्मुर/धोतिला लगायतको **हरित बार** जस्ता कार्यक्रममार्फत हरेक वडाका टोल टोलमा स्थानीय हावापानी अनुकूलका जडिबुटी तथा फलफूलका बोट विरुवा रोपन कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।

१२५. सामुदायिक वन संरक्षण तथा उपयोग सम्बन्धमा स्थानीयबासीको परिचालन तथा अपनत्व सिर्जना गर्ने खालका क्षमता विकास कार्यक्रम सामुदायिक वन उपभोक्ता महासंघमार्फत सञ्चालन गरिनेछ।

१२६. वातावरणमैत्री घर, टोल, वडा र पालिकाको अवधारणामा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ निर्माणको लागि योजना बनाई वातावरणमैत्री स्थानीय शासन प्रारुप २०८० कार्यान्वयनमा जोड दिइनेछ ।

१२७. बायोइन्जिनियरिङलाई अनिवार्य गर्दै भौतिक पूर्वाधार निर्माणका कारण क्षतिपूर्तिस्वरुप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी वृक्ष रोप्ने नीति ल्याइनेछ। *जीवनका महत्वपूर्ण क्षणका अवसरमा बहुउपयोगी वृक्षारोपण* गर्ने **जीवन र वन कार्यक्रम** गाउँ गाउँमा प्रवर्द्धन गरिनेछ।

१२८. वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय गरिनेछ।

१२९. वन र आयआर्जनलाई अन्तरसम्बन्धीत गर्ने खालका हरियो बार, वनस्पति बार, कृषि वन, निजी वन जस्ता कार्यक्रम ल्याइनेछ। नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर दश फलफूल विस्तार जस्ता कार्यक्रमबाट वन तथा बुट्यान क्षेत्रको वृद्धिमा टेवा पुऱ्याइनेछ।

**जलवायु परिवर्तन र विपद् व्यवस्थापन**

१३०. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ ।

१३१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलनका आयोजना बमोजिमका योजना तथा कार्यक्रम सञ्चालन तथा समुदायस्तरमा स्वयंसेवक जनशक्ति उत्पादन तथा परिचालन गरिनेछ । विपद्मा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखेर सचेतनामूलक सन्देश, सूचना सामग्रीहरु स्थानीय भाषामा समेत सम्प्रेषण गरिनेछ।

१३२. प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषलाई वृद्धि गरिनेछ। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ।

१३३. कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३४. हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनीकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीति कार्यान्वयन गरिनेछ ।

**सेवा प्रवाह र प्रशासकीय सुशासन**

१३५. नागरिकको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन **नागरिक व्यैयक्तिक विवरण अभिलेखीकरण** गरी **स्मार्ट वडा कार्यालय** अवधारणा कार्यान्वयन गरिनेछ।

१३६. उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। रिक्त दरबन्दी पदपूर्तिमा शीघ्र पहल र समावेशी गराउने नीति अङ्गिकार गरिनेछ।

१३७. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

१३८. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ।

१३९. स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ ।

१४०. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाई संयन्त्र, नियमित स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

१४१. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

**सूचना तथा अभिलेख व्यवस्थापन**

१४२. भूमे साप्ताहिक र मासिक बुलेटिनमार्फत सार्वजनिक सेवा प्रवाह र गाउँपालिकाको गतिविधि बारे आम नागरिकलाई सुसूचित गर्दै स्वतन्त्र सञ्चार क्षेत्रको रुपमा विकास गर्न समेत जोड दिइनेछ ।

१४३. सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन-अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका साथै मिडिया साक्षरता कार्यक्रम तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पुऱ्याइनेछ।

१४४. गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइनेछ।

१४५. अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउदै महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरमा डिजिटल कन्टेन्ट सुरक्षित गरी राखिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा

सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

**हामीले तिरेको कर हाम्रै लागि**

१४६. पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा राखी सोही आधारमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

१४७. गाउँपालिकाको आत्मनिर्भरता उन्मुखका लागि साझेदारी लगानी र राजश्व तथा कर प्रशासनलाई समेत प्रमुख आधारको रुपमा लिइनेछ। सबै पेसा व्यवसायलाई करको दायरामा समेटिनेछ।

**कानून न्याय तथा असल समाज**

१४८. न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम, मेलमिलापकर्ता उत्पादन, पुनर्ताजगी तथा संस्थागत सक्षमतामा वृद्धि गरी न्यायिक निरुपण र मेलमिलाप प्रबर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणमा जोड दिइनेछ।

१४९. सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्यप्रक्रिया र मेलमिलाप प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**वित्तीय सुशासन**

१५०. वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाई वित्तीय व्यवस्थापनमा प्रकियागत जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासन जोखिम न्यूनीकरण गरिनेछ । बेरुजू न्यूनिकरण र फछ्र्यौटलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ।

१५१. वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाइनेछ। वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**योजना तर्जुमा तथा कार्यान्वयन**

१५२. अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरी परियोजना बैंक मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१५३. वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ ।

**अनुगमन तथा मूल्याङ्कन**

१५४. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तर र नियमितता सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरीय अनुगमन समितिको नियमित अनुमगन र प्रतिवेदनलाई अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

१५५. अनुगमन तथा सुपरीवेक्षण कार्यलाई कार्ययोजना र सूचकमा आधारित बनाई सरोकारवालाको समेत प्रतिक्रिया समेट्नुका साथै ठूला आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नीति अङ्गिकार गरिनेछ ।

१५६. उपभोक्ता हित संरक्षणलाई सुनिश्चित गर्न जिल्लास्थित सरकारी निकाय तथा उद्योग वाणिज्य संघसँगको सहकार्यमा सबै गाउँ टोलमा पुग्ने गरी छड्के तथा एकीकृत बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

**मानव संशाधन तथा क्षमता विकास**

१५७. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।

**समन्वय, सहकार्य र साझेदारी**

१५८. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

१५९. सरकारी तथा गैरसरकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१६०. आर्थिक वर्ष २०८०/०८१ को यस नीति तथा कार्यक्रमले भूमे गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाङ्क्षालाई आत्मसात् गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनस्तरमा सुधार, सामाजिक संरक्षण तथा सुरक्षा र गुणस्तरीय सेवा सहज प्राप्त गर्न सहयोग गर्नेछ ।

१६१. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा भूमे गाउँपालिकाले अघि सारेका दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकाय, विकास साझेदार तथा आम गाउँपालिकाबासी सबैबाट साथ र सहयोग प्राप्त हुनेमा विश्वास गर्दछु ।

१६२. अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै भूमे गाउँपालिकाको पहिलो स्थानीय सरकारको रुपमा महत्वपूर्ण उपलब्धि हासिल गरी हस्तान्तरण गरेकोमा पहिलो कार्यकालका सम्पूर्ण पदाधिकारीहरु, स्थानीय सरकार सञ्चालनको जिम्मेवारी प्रदान गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्ने आम भूमे गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद !

**होम प्रकाश श्रेष्ठ**

**अध्यक्ष**

**सम्बत् २०८० साल असार ७ गते बिहीबार ।**